annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३७, पृष्ठ ८ | काठमाडौं, आइतबार २९ भदौ २०८२ | आश्विन कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४२ | SUNDAY, SEPTEMBER 14, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अर्थतन्त्र उकास्न नयाँ सरकारले लिनुपर्ने बाटो

जेन-जी आन्दोलनले नसोचेकै राजनीतिक परिवर्तन ल्यायो । तर, आन्दोलनका क्रममा अराजक समूहको घुसपैठले व्यापारिक प्रतिष्ठान, सरकारी कार्यालय र होटलमा व्यापक आगजनी र तोडफोड भयो । क्षतिको एकिन मूल्यांकन त बाँकी छ, तर उद्योगी-व्यवसायीले मनोबलमा ठेस लागेको छ । त्यसैकारण पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले व्यवसायीको मनोबल बढाउनुपर्ने, लगानीको सुरक्षा दिनुपर्ने र लगानीको वातावरण सिर्जना गर्नुपर्ने उद्यमी-व्यवसायी र अर्थविद्हरूको सुझाव छ । अन्नपूर्णले अर्थतन्त्र उकास्न के गर्नुपर्ला भनेर सरोकारवालाहरूसँग कुराकानी गरेको छ ।

समाचार २-३ पृष्ठ

सुनिता कार्की/ ममता थापा | काठमाडौं
- को रिपोर्ट




## भारतीय प्रधानमन्त्री मोदीद्वारा प्रधानमन्त्री कार्कीलाई बधाई



राधा खनाल | काठमाडौं

जेन-जीको आन्दोलनको बलमा बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई विभिन्न देशका राष्ट्र प्रमुखहरूले बधाई दिएका छन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल र भारतमा शनिबार आयोजित कार्यक्रममार्फत कार्कीलाई बधाई दिए। भारतको मणिपुरमा आयोजित कार्यक्रममा मोदीले अस्थिर वातावरणमा पनि लोकतान्त्रिक मूल्य मान्यतालाई सर्वोच्चमा राखेको भन्दै नेपालको प्रशंसा गरे।

'हिमालयको काखमा बसेको नेपाल-भारतको एक साथी हो, घनिष्ठ मित्र हो, मोदीले भने, 'हामी साझा इतिहासद्वारा जोडिएका छौं, आस्थाद्वारा जोडिएका छौं र सँगै मिलेर अगाडि बढिरहेका छौं। नेपालको अन्तरिम सरकारको प्रधानमन्त्रीको रूपमा पदभार सम्हाल्नुभएकोमा म आज १४० करोड भारतवासीहरूको तर्फबाट श्रीमती सुशीलाजीलाई हार्दिक बधाई व्यक्त गर्दछु।' उनले अगाडि भनेका छन्, 'नेपालमा शान्ति, स्थिरता र समृद्धिको मार्ग प्रशस्त गर्नुहुनेछ भन्ने मलाई विश्वास छ। नेपालको पहिलो महिला प्रधानमन्त्रीको रूपमा सुशीलाजीको आगमन महिला सशक्तीकरणको एक उत्कृष्ट उदाहरण हो। म आज नेपालको प्रत्येक व्यक्तिको प्रशंसा गर्दछु जसले यस्तो अस्थिर वातावरणमा पनि लोकतान्त्रिक मूल्य मान्यतालाई सर्वोच्चमा राख्यो।'

उनले आन्दोलन गरेका जेन-जीहरूको समेत प्रशंसा गरेका छन्। नेपालका सडकहरू उनीहरूले सफा गर्दै र रंग लगाउँदै गरेको आफूले देखेको भन्दै मोदीले भनेका छन्, 'साथीहरू, नेपालमा भएको घटनाक्रममा अर्को एक विशेष कुरा छ, जसमा मानिसहरूले ध्यान दिएका छैनन्।

» बाँकी पृष्ठ ६

# जो हुन् जेन-जीका नेतृत्वकर्ता

शिव उप्रेती | गोरखा

जेन-जीको प्रदर्शनको तयारीबारे एकाधबाहेक प्रायः अनभिज्ञ थिए। त्यसतर्फ अगाध आस्था राख्नेबाहेक अरूले छिपछिपे जानकारी मात्र पाएका थिए। राज्यको 'बलियो' अनुसन्धान विभागले पनि फितलो अनुसन्धान गरेकाले सरकारले पनि भदौ २३ को विरोध प्रदर्शनलाई नजरअन्दाज गऱ्यो। तर, नतिजा नसोचेको भयो।

भदौ २३ मा जेन-जीको प्रदर्शनमा राज्यपक्षबाट चरम दमन भयो। धेरै जनधनको क्षति भयो। त्यसको बदला स्वरूप जेन-जीले २४ गते प्रतिशोध विद्रोह गरे। राजनीतिक उथलपुथल हुने गरी भएको विद्रोहपछि क्रमशः यसका नेतृत्वकर्ताहरूको खुलासा हुन थाल्यो। सरकार गठनका लागि जंगीअड्डा, शीतल निवासमा भएको वार्ता संवादमा होओस् वा यसबीचमा रणनीति बनाउने सिलसिलामा होओस्। अर्थात्, प्रधानमन्त्री चयनपछिको खुसियाली साँटासाँट गर्ने क्रममा एउटा अपरिचित अनुहार एकाएक दृश्यमा प्रकट भयो। उनी हुन्- सुधन गुरुङ। जेन-जीको आन्दोलनलाई नेतृत्व गरेका उनी भने जेन-जी भने थिएनन्। 'जेन-जी' भनेर २८ वर्ष उमेर समूहकालाई चिनिन्छ तर उनी हुन, ३५ वर्षका। सामाजिक सञ्जालमा सार्वजनिक भएको उनको नागरिकतामा उनको जन्ममिति २०४७ साल लेखिएको छ। नागरिकताको प्रतिलिपिमा



जन्मस्थान गोरखाको चुमनुब्री गाउँपालिका ३ सिर्दिबास रहेको लेखिएको छ। स्थानीयवासी, इष्टमित्र, आफन्तजनका अनुसार उनको जन्म काठमाडौंमा भएको हो।

जेन-जीले औपचारिक रूपमा कसैलाई पनि अभियानको संयोजक तोकेका छैनन्। तर, सामाजिक सञ्जाल, टेलिभिजनहरूमा उनको क्रियाकलाप अगाडि देखिने गरेको छ। उनको आवाज निर्णायक बन्ने गरेको छ। सुशीला कार्की प्रधानमन्त्री बनेपछि उनको पाउमा साष्टाङ्ग दण्डवत गरेको तस्बिर तथा भिडियोले त सबैको ध्यान खिच्यो नै।

उनको पुर्ख्यौली थलो साविक सिर्दिबास गाविस नाग्चेत हो। उनका बुबा दिलबहादुर गुरुङलाई गाउँघरमा इष्टमित्र, आफन्तजनले ग्याल्बो भनेर सम्बोधन गर्छन्। उनका तीन श्रीमतीमध्ये माहिली श्रीमतीबाट सुधनको जन्म भएको हो। चितवनको मेघौलीमा उनको प्रारम्भिक स्कुले जीवन बित्यो। उनी १०-१२ वर्षको हुँदा बाबा र आमाको सम्बन्ध बिच्छेद भयो। त्यसपछि उनी मामाघरका हजुरबा, हजुर आमाको संरक्षणमा काठमाडौंमा हुर्किए, बढे, पढे। काठमाडौंमा जन्मे, चितवनमा बाल्यकाल बिताए पनि उनको जन्मस्थल गोरखा भनेरै चिनिन्छ।

चुमनुब्री ३ को बुद्ध मावि मतदान केन्द्रमा उनको मतदाता नामावली छ। तर अहिलेसम्म मतदान गर्न उनी गाउँ नआएको स्थानीयवासीको भनाइ छ।

'उनी हाम्रो आफन्त हुन, तर सानैदेखि देखेको मान्छेचाहिँ होइनन्', चुमनुब्री गाउँपालिकाकी निवर्तमान उपाध्यक्ष कुमारी गुरुङ भन्छिन्, 'नागरिकता, मतदाता परिचयपत्रचाहिँ यहींको छ।'

उनका दाइ नाता पर्ने सुमन गुरुङ चितवनमा बाल्यकाल सँगै बिताएको तर, धेरै वर्षदेखि भेटघाट नभएको बताउँछन्। ए लेभल पढेपछि उनी साथीभाइको संगतमा नै रमाए। संगीतमै क्लब, डिस्को जाने बानी बसालिसकेका थिए। उनले डिजेको काम सुरु गरे। डिजेमा स्थापित भएका उनले ठमेलमा ओएमजी क्लब सञ्चालन गरे। क्लबबाट उनको आर्थिक स्थिति राम्रै बन्यो।

» बाँकी पृष्ठ ६

## तोकिएकै मितिमा चुनाव सम्पन्न गर्न राष्ट्रपतिको अपिल



**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रपति रामचन्द्र पौडेलले फागुन २१ गतेका लागि तोकिएको निर्वाचन सम्पन्न गराउने काममा सहयोग गर्न सबैसँग अपिल गरेका छन्।

जेन-जी आन्दोलनको सफलतापछि नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन गरी चुनावको मिति तोकिएको थियो। दलहरूले संसद् विघटनप्रति असहमति जनाएपछि राष्ट्रपतिले चुनावमा जुट्न अपिल गरेका हुन्।

'देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ। संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ,' राष्ट्रपति पौडेलले अपिलमा भनेका छन्, '६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन्।'

# गोलीको पीडा, न्यायको आस

प्रधानमन्त्री सुशीला कार्कीसँग घाइतेले भने, 'हामीले देशका लागि छातीमा गोली थाप्यौं। तपाईंले अब देशलाई सुशासन दिनुहोस्, हामीलाई न्याय।'

राजकरण महतो | काठमाडौं

'प्रधानमन्त्रीज्यू, हामीले गोली खायौं, रगत बगायौं। अब तपाईंले देशलाई सुशासन दिनुहोला,' अस्पतालको बेडबाटै चितवन टारीका रमेश परियारको सुझाव थियो। जेन-जी आन्दोलनका घाइते भेट्न शनिबार सिभिल अस्पताल पुगेकी नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीसँग रमेशको अर्को पनि आग्रह थियो-विनासित्ति विद्यार्थीमाथि गोली हान्नेमाथि कारबाही होस्।

हामीलाई न्याय दिनुहोला।' कार्कीको जवाफ थियो- तपाईंहरूका सुझावअनुसार अघि बढ्छु।' गत सोमबार भ्रष्टाचारविरुद्धको जेन-जी आन्दोलनमाथि प्रहरीले दमन गऱ्यो। दर्जनौं जेन-जीको ज्यान गयो। कैयौं घाइते भए। चितवन टारीका २४ वर्षीय रमेश सामान लिन त्यही दिन काठमाडौं आएका थिए। स्कुल कजेलका विद्यार्थीहरू मारिएको दृश्यले उनलाई आक्रोशित बनायो। दोस्रो दिन (मंगलबार) को आन्दोलनमा सहभागी भए। प्रहरीको गोली लागी घाइते भए। 'स्कुले बच्चाहरूलाई प्रहरीले गोली ठोकेको देखेर खप्न सकिन। आन्दोलनमा गएँ ', अस्पतालको बेडमा उनले भने, 'देब्रे खुट्टामा दुईवटा गोली लाग्यो। हातमा अर्को गोलीले घाउ बनायो।'

**छोरालाई गोली लाग्यो, परिवारमा पीडा**

सिभिल अस्पतालमा बिक्रम देउला २२ वर्षीय छोरा बेकम देउलालाई औषधि खुवाउँदै थिए। उनका छोरा पनि गोली लागेर घाइते छन्। उनी भन्छन्, 'प्रधानमन्त्री हस्पिटल आउनुभयो। घाइतेको अवस्था हेर्नुभयो अनि जानुभयो। आशा छ अब केही राम्रो हुन्छ।' घाइते बेकमका काका निश्चिल गिरीले काठमाडौं महानगरपालिकाले निःशुल्क उपचार गरिरहेको बताए। निश्चिल भन्छन्, 'हाम्रो व्यक्तिगत त्यस्तो अपेक्षा केही पनि छैन। हाम्रो मान्छे घाइते भयो, उपचार भएर स्वस्थ बनोस्। यो नै हाम्रो लागि मुख्य कुरा हो।' दुईवटा अप्रेसन भएको र अर्को अझै अप्रेसन गर्नुपर्ने सल्लाह चिकित्सकले दिएको उनले बताए।



**सिभिल अस्पतालमा उपचार गराइरहेका आन्दोलनका घाइतेहरू।** ● राजकरण महतो

विद्यार्थीहरूले जरा गाडेर बसेको भ्रष्टाचारलाई हटाउन आन्दोलन गरेको उनले बताए। अब असल स्वभाव र देशलाई माया गर्ने सरकार र मन्त्रीहरू चाहिएको उनले बताए। 'जेन-जीको नाममा घुसपैठ भयो। संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतमा आगो लगायो,' उनले भने, 'सबै घटनाको छानबिन गर्नुपर्छ। दोषीलाई कडाभन्दा कडा कारबाही गरिनुपर्छ।'

**रोजीरोटी गुम्यो**

कैलालीका २२ वर्षीय आदित्य राउत तीन वर्षदेखि काठमाडौंमा डिजिटल मार्केटिङ गर्थे। सरकारले सामाजिक सञ्जाल निष्क्रिय पारेपछि रोजीरोटी बन्द भयो। सामाजिक सञ्जाल खुलाउनुपर्ने मागसहित आन्दोलित भए। नयाँ बानेश्वरमा प्रहरीको गोली लागेर घाइते भए। उनलाई तीनवटा गोली लागेका छन्। देब्रे खुट्टा, हात, छाती र दाहिनेपट्टीको कम्मरमा गोली लागेका छन्।

प्रधानमन्त्री कार्कीले शनिबार थोरै समय उनीसँग पनि कुरा गरेकी थिइन्। 'अब चाहिँ राम्रो होस्, हाम्रो बलिदानी खेर नजाओस्', उनले प्रधानमन्त्रीसँग भने, 'प्रधानमन्त्रीज्यूले आन्दोलनका लागि धन्यवाद, भन्नुभयो। आन्दोलनका मृतक र घाइते परिवारलाई सहयोग हुन्छ भनेर जानुभएको छ।'

» बाँकी पृष्ठ ६